आज मिति २०७६ चैत्र १७ गते, सोमबार दिनको १:०० बजे प्रमुख श्री सुनिल प्रजापतिज्यूको अध्यक्षतामा भक्तपुर नगरपालिका, नगर कार्यपालिकाको बैठक भनपा वडा नं. २ स्थित नयाँ भवन व्यासीमा निम्न उपस्थितिमा बसी निम्न विषयमा छलफल र निर्णय गरियो :

***उपस्थिति***

१. प्रमुख श्री सुनिल प्रजापति

२. उप-प्रमुख श्री रजनी जोशी

३. वडाध्यक्ष श्री श्याम कृष्ण खत्री

४. वडाध्यक्ष श्री हरि प्रसाद बासुकला

५. वडाध्यक्ष श्री राज कृष्ण गोरा

६. वडाध्यक्ष श्री कुमार चवाल

७. वडाध्यक्ष श्री प्रेम गोपाल कर्माचार्य

८. वडाध्यक्ष श्री हरिराम सुवाल

९. वडाध्यक्ष श्री उकेश कवां

१०. वडाध्यक्ष श्री महेन्द्र खायमली

११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व

१२. वडाध्यक्ष श्री लक्ष्मी प्रसाद ह्यौंमिखा

१३. नगर कार्यपालिका सदस्य श्री रोशन मैया सुवाल

१४. नगर कार्यपालिका सदस्य श्री छोरी मैया सुजखु (प्रजापति)

१५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल)

१६. नगर कार्यपालिका सदस्य श्री सरिना द्योला

१७. नगर कार्यपालिका सदस्य श्री कृष्ण लक्ष्मी दुवाल

१८. प्रमुख प्रशासकीय अधिकृत श्री इन्द्र प्रसाद बस्याल

विषयहरु :-

१) विपद् व्यवस्थापन सम्बन्धमा

२) विविध

**निर्णय :**

१) विश्वव्यापी रुपमा फैलिएको नोवेल कोरोनाभाइरस (कोभिड-१९) को सम्भावितजोखिमबाट नगरबासी जनतालाई सुरक्षित राख्न तथा सम्भावित विपद्को जोखिम न्यूनीकरण गर्न प्रत्येक वडामा वडाध्यक्ष वा निजले तोकेको जनप्रतिनिधिको संयोजकत्वमा स्थानीय अग्रजहरु सम्मिलित समन्वय समिति गठन गर्ने निर्णय गरियो ।

२) कोरोना भाइरसको सम्भावित संक्रमणको जोखिमलाई मध्यनजर गरी नेपाल सरकारले देशव्यापी लकडाउन घोषणा गरेको अवस्थामा अत्यावश्यक अवस्थामा बाहेक घरबाट बाहिर ननिस्कन र घरमै सुरक्षित रुपमा बस्न नगरबासीहरुलाई आग्रह गर्ने निर्णय गरियो ।
यस अवधिमा रोगको जोखिमबाट जोगिन मन्दिर, मस्जिद, चर्च, बहाबहीलगायतका धार्मिक स्थलहरुमा पूजा प्रार्थना नगर्न, मर्निङ वाक (प्रभातफेरी), योग र शारीरिक व्यायामको लागि घरबाट बाहिर ननिस्कन सबैमा अनुरोध गर्ने निर्णय गरियो ।

३) लकडाउन घोषणा गरिएको समयावधिमा अत्यावश्यक कार्यका लागि मात्र एक घरबाट एक जना मात्र बाहिर निस्कन सकिने गरी वडा कार्यालयहरुमार्फत अनुमति पत्र वितरण गर्ने निर्णय गरियो ।

४) लकडाउनको समयावधिमा कोरोना भाइरस रोगको सम्भावित जोखिमप्रति संवेदनशील भई यही २०७६ चैत्र १९ गतेदेखि लागू हुने गरी दत्तात्रय चोकदेखि वंशगोपालसम्मको मूल सडक र चोकमा तरकारी बजार राख्न पूर्ण निषेध गर्ने । यसको सट्टा देहाय बमोजिम वडाका देहाय बमोजिमका स्थानहरुमा तरकारी बजारको व्यवस्था गर्ने निर्णय गरियो :

| वडा | तरकारी बजार राखिने स्थानहरु : |
|---|---|
| १ | वडा कार्यालय अगाडिको बसपार्क क्षेत्र |
| २ | न:पुखुको उत्तरतर्फको खुला ठाउ, ठूलो व्यासी, सानो व्यासी |
| ३ | तापालाछी, कोलाछो, देगमना, खौमा |

| | |
|---|---|
| ४ | गहिटी, तालाक्व, भुलाचा |
| ५ | खलाल्योसिख्यो, त्रिपुरासुन्दरी |
| ६ | चोछो, भोलाछें चौबाटो, देकोचा |
| ७ | वाँचु टोल, याता, जगाति चोक |
| ८ | लिवाली (ख्वप इन्जिनियरिङ्ग कलेज जाने चोक), जेलां |
| ९ | याताछें, वााचु हिटी |
| १० | लााचाफल्चा, महालक्ष्मी मन्दिर वरपर, कमल विनायक पोखरीको दक्षिणतिर |

५) कोरोना भाइरस रोगको नियन्त्रण तथा रोकथामको व्यवस्थापनको लागि प्रदेश तथा संघीय सरकारबाट यसको लागि प्राप्त हुन आउने रकम समेत विपद व्यवस्थापन कोषमा जम्मा गर्ने । कोभिड १९ को नियन्त्रण तथा रोकथामको लागि विपद् व्यवस्थापन कोषबाट खर्च गर्दै जाने । संघ/प्रदेश सरकारबाट प्राप्त रकम र विपद व्यवस्थापन कोषमा रहेको रकम नपुग हुने स्थिति भएमा अन्य कार्यक्रमहरुको बजेट रकमान्तर गरी व्यवस्था गर्ने । तत्काल विपद् व्यवस्थापन कार्यको लागि सबै वडाहरुलाई १ लाखको दरले निकासा गरी पठाउने निर्णय गरियो ।

६) विपद्को समयमा कुनै गैर सरकारी संस्था वा व्यक्तिले राहत वा सहयोग वितरण गर्न चाहेमा यस नगरपालिकामा सहयोग रकम वा सामग्री जम्मा गरी वडा कार्यालय मार्फत मात्र वितरण गर्ने निर्णय गरियो ।